Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक १९ २०७६ मंसिर २२ गते आईतवार Sunday 24, DEC, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सिंघिया खोला सरसफाई महाअभियान शुभारम्भ

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगर महानगर पालिका र अन्य ४ वटा गाउंपालिकाहरु संयुक्त रुपमा सिंघिया खोला सरसफाईको महाअभियान मंसिर २१ गते शनिवार देखि पुप्पलाल चौकको पुर्व घिनाघाटवाट शुभारम्भ गरेको छ ।

"सिंघिया खोलाको सफाइ अभियान, हामी सबैको सान" भन्ने मुल नाराका साथ सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ को आयोजना र विराटनगर महानगरपालिका, कटहरी, बुढीगंगा, जहदा र ग्रामथान गाउापालिकासाग संयुक्त सहकार्य र साझेदारीमा उक्त महाअभियानको सुरुवात गरेको छ ।

उक्त अभियानलाई मुर्त रुप दिन सामाजिक विकास मन्त्री जीवन घिमिरे र विराटनगर महानगर पालिकाका मेयर भीम पराजुली सहितको सिंघिया खोलासाग जोडिएका स्थानिय तहका प्रतिनिधि ,राजनीतिक दलका प्रतिनिधि, सरकारी कर्मचारी, सुरक्षा निकाय, उद्योग संगठन, व्यापार संघ, एन.जि.ओ, लायन्स क्लब, र सञ्चारकर्मीहरुको २ सय २४ सदस्यीय मुल समितीको टोलीले सिंघिया खोला वरिपरिको क्षेत्रमा सरसफाई गरेका छन ।



विराटनगर महागरपालिका र अन्य चारवाट गाउंपालिकाहरु सिघिया खोला सरसफाई महाअभियानमा

सिघिया सरसफाई महाअभियान मा विराटनगर महानगर पालिकाका मेयर भिम पराजुलीले भने 'सबै आम नागरिकले कुनैपनि नदीनाला वा जलाशयमा जथाभाबी फोहोर नफाल्ने र फोहोरलाई व्यवस्थापनमा गर्ने संकल्प लिनुपर्ने बताउनुभयो । उहाले सरसफाई गरेर मात्रै यो समस्या समाधान नहुने भएकाले यसको दीर्घकालीन समाधानका लागी महानगरको फोहोरबाट बिजुली उत्पादन गर्ने कार्ययोजनालाई अघि सार्ने जानकारी दिनुभयो ।

अत्यधिक प्रदुषणले नदिको अस्तित्व नै सङकटमा परेकोले नदिको संरक्षणको लागि पहिलो चरणमा घिनाघाटदेखि भाथिगछ पुलसम्म जम्मा १० किलोमिटरको क्षेत्रलाई सफा गरिनेछ ।' त्यस्तै सो अभियानमा सङकलित फोहोर विराटनगरको डम्पिङ साइटमा लगेर व्यवस्थापन गरिनेछ । यो महाअभियानले विराटनगरभित्र रहेका खोलानालाहरु फोहोर गर्ने प्रवृतिमा न्युनीकरण हुने र खोलाको अस्तित्वलाई जोगाउन तथा स्वच्छ वातावरण निर्माण गर्नमा यसले ठुलो भुमिका खेल्ने अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनका केन्द्रिय सचिव

वांकी अन्तिम पेजमा...

## त्रिविबाट आईटी अध्ययन शुरु

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगरमा रहेको महेन्द्र मोरंग आदर्श बहुमुखि क्याम्पसमा बीआईटी अध्ययन शुरु भएको छ ।

आर्दश बहुमुखि क्याम्पस को समिक्षलयमा विद्यार्थीहरुको लागि गरिएको अभिमुखिकरणको उद्घाटन प्रदेश नं. १ का समाजिक विकास मन्त्री जीवन घिमिरेले दियो बालेर उद्घाटन गर्दै भने संचारको क्षेत्रको लागि आईटी आवश्यक रहेको र सो शिक्षा त्रिविविवाट न्यून शुल्कमा अध्ययन र अध्यापन शुरु भएकोमा त्यसवाट सर्व साधारध नेपाली जनताले लाभ लिनु पर्ने वताए । शिक्षामा महेन्द्र मोरंग आदर्श बहुमुखि क्याम्पस विराटनगरले नयां कोल्टे फेरेको वताए ।

उक्त अभिमुखि करणको उद्घाटन सत्रमा विद्यार्थी नेता, प्रध्यापकहरुले पहिले महेन्द्र मोरंग क्याम्पसमा जेजस्तो वढाई भए पनि अहिलेको अवस्थामा क्यामसले उत्कृष्ट सावित गर्न सफल भएको छ । शैक्षिक र भौतिक अवस्थामा आमुल सुधार आएको भन्दै आइटीका नयां विद्यार्थीहरुलाई सफलताको शुभकामना व्यक्त गरेका थिए ।

सो अभिमुखिकरण महेन्द्र मोरंग आदर्श बहुमुखि क्यम्पसका प्रमुख डा. बाबुरा तिम्सिनाको अध्यक्षतामा सम्पन्न भएको छ ।

## मेडिकल कलेज र मन्त्रालय बीच सहमति

विराटनगर । मेडिकल कलेजहरुको शुल्क विवादका बिषयमा शिक्षा मन्त्रालय र मेडिकल कलेज सञ्चालकवीच सहमति जुटेको छ । लामो समयको रस्साकस्सी पश्चात मंगलबार राती शिक्षा मन्त्रालयको टोली र मेडिकल कलेजका सञ्चालकबीचको बैठकमा सहमति जुटेपछि शुल्क विवाद समाधान हुने भएको छ ।

मेडिकल कजेजले शैक्षिक सत्र ०७४/०७५ र ०७५/०७६ को हकमा बुधबारबाट अतिरिक्त शुल्क समायोजन वा फिर्ताको प्रक्रिया थाल्नेछन् । यता, ०७२/०७३ र ०७३/०७४ को हकमा चिकित्सा शिक्षा आयोगले उपयुक्त निर्णय गर्ने उल्लेख छ । ०७६/०७७ को हकमा चिकित्सा शिक्षा आयोगबाट निर्धारण गरिएको शुल्क लिएर विश्व विद्यालयको अनुमतिमा भर्ना प्रक्रिया थाल्ने भनिएको छ । त्यस्तै, ०७७/०७८ र त्यसपछिका वर्षमा भने वैज्ञानिक ढंगले शुल्क निर्धारणका लागि आयोगबाट कार्य अघि बढाउने सहमति पत्रमा उल्लेख छ ।

त्रिभुवन विश्वविद्यालय अर्न्तगत का कलेजको समस्या समाधानमा जोड दिईएपनि काठमाण्डौं विश्वविद्यालय अन्तर्गत का कलेजहरुमा खासै समस्या नरहेको

वांकी अन्तिम पेजमा...

## हिपमत अनलाई पत्रिका र टीभीको शुभारम्भ

विराटनर । अयोध्याका राजा दशरथका छोरा श्रीराम र राजा जनककी छोरोरी सीताको विवाहको शुभ अवसर परेर प्रदेश नं. १ को राजधानी विराटनगरवाट हिमाल, पहाड, मधेश र तराईलाई छोटकरीमा हिपमत नाम राखेर मिडिया हाउसको शुभारम्भ भएको छ ।

शुभारम्भको कार्यक्रमलाई नयां रुपमा प्रस्तुत गरेको थियो । जसमा अध्यक्ष, प्रमुख अतिथी, विशिष्ठ अतिथी नराखी सवै अतिथी र सवै स्रोताको रुपमा रहेको थियो । सवैलाई समान हैसियतमा राखी हिपमत मिडिया हाउसले हिपमत डटकम अनलाईन पत्रिका र हिपमत टेलिभिजनको मिडिया हाउसको शुभारम्भ समाजसेवी देवकिशन मुन्दडा, गायक रामा मण्डल, सुमित खडका, सिताराम पोखरेल, विरेन्द्र झाले समेतले संयुक्त रुपमा शुभारम्भ गरेका थिए । सोही अवसरमा अतिथीहरुले भने सांस्कृतिक माध्यमबाट समाजलाई एकताको सुत्रमा बाध्ने जुन सोचले अगाडी बढेको छ त्यो अति नै सराहनीय रहेको प्रशंसा गर्दै सफलताको शुभकामना दिएका थिए

हिपमत मिडिया हाउस प्रालिका सुत्रधार समाजसेवी देवकिशन मून्दडाले अनेकतामा एकताको सन्देश तथा विविधतामा बहुलताको भेष र हिपमत पथको छ विशेषता अनेकतामा झल्किन्छ एकता जस्ता स्लोगन भन्दै हिपमत पथमा हिड्नु भएका सम्पूर्ण हिपमतकर्मीलाई शुभकामना एवं बधाई दिनु भएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मोरङ्गका अध्यक्ष बन्धु पोखरेलले मिडिया हाउसको प्रगतिको कामना गर्दै सस्तो लोकप्रियताकोलागि आधारहिन समाचार प्रकाशन प्रशारण नगर्न तथा प्रत्रकारिता धर्मको पालना गर्न आग्रह समेत गर्नु भयो ।

नेपाली कांग्रेसका नेता यदु कुमार बिष्टले छिटो छरितो सुचना प्रवाह गर्न उपयुक्त माध्यमको रुपमा रहेको अनलाईन मिडियाको निकै महत्व बढेको बताउदै मिडिया हाउसलाई शुभकामना दिनुभयो । त्यस्तै नेकपा नेता मृतुञ्जय झा तथा विवेकशील साझाका नेता अमलेश कर्ण पनि प्रगतिको शुभकामना दिनुभयो ।

त्यसैगरी नेपाल पत्रकार महासंघ मोरङ्गका अध्यक्ष बन्धु पोखरेलले मिडिया हाउसको प्रगतिको कामना गर्दै सस्तो लोकप्रियताकोलागि आधारहिन समाचार प्रकाशन

वांकी अन्तिम पेजमा...

## विराट सडक महोत्सव विराटनगरमा

विराटनगर । नेपाल सरकारले सन् २०20 लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने भएकोले त्यसमा सहयोग गर्नको लागि निजी क्षेत्रवाट मन्जिना मुभिज क्रिएसनले माघ १, २ र ३ गते प्रदेश नं. १ को राजधानी विराटनगरको महानगर पालिका छेउम विराट महोत्स गर्ने भएको छ ।

दिउँसो ३ बजे देखि वेलुकी ८ बजेसम्म हुने विराट महोत्सवमा स्वदेशी, स्थानीय उत्पादन देखि, विभिन्न प्रकारका खानाका स्टलहरु, ऋन्य व्यवसायिक स्टलहरु र सांगितिक तथा सांस्कृतिक कार्यक्रमको आयोजना हुने भएको छ ।

विराट सडक महोत्वसलाई एतिहासिक बनाउन आयोजना हुने स्थललाई बेहुली झैं सिंगारिने छ भने सांस्कृतिक कार्यक्रमको लागि राष्ट्रिय स्तरका कलाकारहरुलाई उपस्थित गराउनका साथै स्थानीय

वांकी अन्तिम पेजमा...




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.
Maximum care for life
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सिघिया...

वसीम आलमको भनाई छ ।

उक्त महाअभियानका लागी समाजिक विकास मन्त्रालय प्रदेश नं. १ ले गम्बुट १ सय ७० जोर, डोको १ सय थान, माक्स १५ सय पिस, डिस्पोजल पञ्जा ५ सय पिस सामग्री र खानेपानी व्यवस्थापन, माईक/स्पीकर व्यवस्थापन भिडियोग्राफि तथा फोटोग्राफिको व्यवस्थापन गरेको छ । त्यसैगरी विराटनगर महानगर पालिकाले एप्रोन ७ सय थान, फोहर तान्ने काटा १ सय थान, बेल्चा २० थान, दविया २० थान, कचिया ५० थान, फोरुवा २० थान, डस्विन २० थान डोरी २० पीस सामग्री र प्रचार प्रसारको व्यवस्थापन, फोहर उठाउने, फोहर व्यवस्थापन गरेका थिए ।

त्यसैगरी कटहरी गाउापालिकाले २ सय जोर गम्बुट र ६ सय जोर लामो पन्जा, बुढिगंगाले ६५ जोर गम्बुट, जहदाले ५० थान फोहोर तान्ने काांटा र ग्रामथानले ६५ जोर गम्बुट उपलब्ध गराएको थियो ।

उक्त सरसफाई महाअभियानमा उल्लेखनिय जनसहभागिता रहेको थियो । यस्तो महाअभियान प्रदेश नं. १ का सवै नदीहरुमा संचालन हुनुपर्ने आम नेपाली जनताको भनाई छ । त्यसैगरी विराटनगरको पूर्वमा रहेको सिघिया खोला मात्र होईन विराटनगरको पश्चिमा रहेको केशलिया खोला तिर पनि विराटनगर महानगर पालिकाले सफाई अभियान चलाउनु पर्ने विराटनगर वासीको माग छ ।

## हिपमत...

प्रशारण नगर्न तथा प्रत्रकारिता धर्मको पालना गर्न आग्रह समेत गर्नु भयो ।

सोही शुभारम्भ कार्यक्रममा हिपमत मिडियाका प्रधान सम्पादक प्रकाश प्रेमीले मिडिया हाउसको विषयमा बोल्दै कसै प्रति आग्रह पूर्वाग्रह नराख्ने, तटस्थ रही सत्य तथ्य सामाचार सम्प्रेशन गर्ने तथा पुर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्म सम्पूर्ण नेपाली अनुहार यस मिडियामा हेर्न सकिने बताउनु भयो । यस मिडियाले सामाजिक, सांस्कृतिक र ओझेलमा परेका वा लुकेर रहेका प्रतिभाहरुलाई समेत स्थान दिने तथा सांस्कृतिक एकताको झझल्को हिपमता मिडियामा हेर्न सकिने उल्लेख वताउनु भएको थियो ।

मिडियाका अध्यक्ष तथा प्रकाशक बीरेन्द्र कुमार साहले हिपमत नेपालमा रहेको हिमाल, पहाड, मधेश र तराईलाई एकताको वद्ध गर्न ती सवै क्षेत्रमा समावेशीको आवधारणा लिने र सवै जातजाति र भाषाभाषीहरुको उत्थानको लागि हिपमत मिडिया प्रालि तयार रहेको वताए । सो शुभारम्भ कार्यक्रममा राष्ट्रिय मारवाडी परिषदका उपाध्यक्ष भिखमचन्द सरल, साहित्यकार सरिता तुलाधर, कलाकार अञ्जना कट्टेल, निरज ब्लायक, पत्रकार वरुण मिश्र, नवीन कर्ण, शुसीला पाठक, श्याम सुन्दर सुतिहार, पदम सरदार, जेपी महतो सहित हरिप्रशाद घिमिरे, शंकर महत लगायतको उपस्थिति रहेको थियो ।

हिपमत शब्दवाट यस भन्दा पहिले हिपमत तरंग साप्ताहिक दर्ता भएको छ, न्यू सृष्टी दैनिकमा प्रत्येक आईतवार हिपमत फुलवारी संचालनमा रहेको छ भने हिपमत नागरिक समाज, हिपमत यूवा समाज, हिपमत उपभोक्ता संरक्षण समाज, हिपमत महिला समाजल गायतको गठनको तयारीमा रहेको स्रोतको दावी छ ।

## विराट...

कलाकारहरुलाई प्राथमिकता दिने पत्रकार सम्मेलनका आयोजकले वताए ।

उक्त महोत्सवमा करीव १ सय स्टलको लागि बुकिङ्ग खुल्ला गरिएका छ । प्रति स्टलको ५ हजारले लिने भएको छ । जम्मा ३० लाख खर्चमा महानगर पालिका, प्रदेश सरकार र स्थानीय उद्योगि व्यापारीवाट संकलन गर्ने भएको छ ।

सो महोत्सवमा निशुल्क प्रवेश हुने छ भने तीन दिनमा कारीव १ लाख दर्शकहरुले महोत्सवलाई अवलोकन गर्ने आयोजकले अनुमान गरेको छ ।

## मेडिकल...

अधिकांसको ठहर थियो । बैठकमा एसोसिएसन अफ प्राईभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपालका महासचिव एवं नोबेल मेडिकल कलेजका सञ्चालक डा.सुनिल शर्माको पहलले शुल्क विवाद समाधानहुन लागेको हो ।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल, त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटा, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष श्रीकृष्ण गिरी र निजी मेडिकल कलेज सञ्चालक डा.सुनिल शर्मा, सुरेश कनोडियो, बसरुद्दिन अन्सारी लगायत सहभागि थिए ।

बैठकपछि शिक्षामन्त्री गिरिराजमणि पोखरेलले शुल्क समायोजनसँगै चिकित्सा शिक्षामा देखिएको विकृति समाधान हुने दाबी गरेका छन् । 'समस्या समाधान भइसकेको छ ।' उनले भने 'अब विद्यार्थीले आन्दोलन रोकेर शैक्षिक गतिविधिलाई अघि बढाउन सहयोग गर्नुपर्छ ।'

# भिलेज नेपालद्धारा पाँच दिने पत्रकारीता तालिम




विराटनगर । भिलेज नेपाल नामक गैर सरकारी संस्थाले विराटनगर महानगर पालिका वडा नं.१५ रानीमा पााच दिने आधारभूति पत्रकारीता तलिम मंसिर ९ गते सोमवार देखि शुभारम्भ गरेको छ ।

उक्त तालिम उद्घाटन सत्रका प्रमुख अतिथी इलाका प्रहरी कार्यालय रानीका प्रहरी निरीक्षक इन्द्र बहादुर राणाले दिप प्रज्वल गरी उद्घ्घाट गर्दै भने पत्रकारीतालाई देशको चौथो अंग भनिन्छ, पत्रकारहरुले समाजमा रहेका कुसंस्कृति र लुकेको कुरालाई वाहिर ल्याई समाजलाई उज्यालो दिने भएकोले तपाईहरुपनि तालिम लिएको पछि समाजको लागि कलम चलाउनु भन्दै तालिमको सफलताको कामना गरेका थिए ।

त्यसैगरी सोही कार्यक्रमका विशिष्ठ अतिथी समाजवादी पार्टीका युवा नेता मो. फैयाजले तालिमको सफलताका कामना गर्दै अवाज विहीनहरुको आवाज बन्न पत्रकारीता क्षेत्रले महत्व पूर्ण योगदान गरेकोले तालिम लिए पश्चात तपाईहरुपनि समाज सुधार र विकासको लागि कलम चलाउन आग्रह गरेको थिए ।

सोही कार्यक्रममा नेपाली कांग्रेसका नेता राजेश गुप्ताले मधेशी समुदायमा पत्रकारीता गर्नेहरु न्यून भएकोले पत्रकारीता क्षेत्रमा लाग्न यूवाहरुलाई आग्रह गर्दै तालिमको सफलताको कामना गरेका थिए ।

सो तालिममा मोरंग, सुनसरी, सिरहा, धनुषा, महोत्तरी लगायत स्थानीय वडा नं. १५ का यूवालगायत २५ जनाको सहभागिता रहको छ ।

पत्रकारीता तालिमको सहजीकर श्याम सुन्दर सुतिहार, हिरालाल साह, मुकेश कुमार यादव, राजेन्द्र कुमार मण्डलले गर्नु हुने छ ।

उक्त तालिम उद्घाटन सत्र भिलेज नेपालका अध्यक्ष श्याम सुन्दर सुतिहारको अध्यक्षतामा सम्पन्न भएको थियो ।


जिल्ला प्रहारी कार्यालय मोरंगले गरेको लैगिक हिंन्सा सम्वन्धी कार्यक्रमा सहभागीहरु सामूहिक तस्वीरमा


## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**रंगेली नगर पालिकाको कार्यालय**
**रंगेली मोरंग, प्रदेश नं.१**



## खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौ ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्वचालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## सम्पादकीय

# सार्वजनिक ठाउं फोहर गर्नेलाई कारवाही होस

प्रदेश नं. १ को राजधानी मोरंगको एक मात्र विराटनगर महानगर पालिकाको पूर्वमा रहेको सिंघिया खोला र सिघिया खोला संग जोडिएर रहेको ४ वटा गाउँपालिकाहरुले संयुक्त रुपमा शनिवार देखि 'सिघिया खोलाको सफाई अभियान, हामी सवैको शान भन्ने मुल नाराका साथ सरसफाई महाअभियान शुभारम्भ भएको छ। एक दिनको अभियानमा प्रदेश सरकारका समाजिक विकास मन्त्रालय, ५ वटा स्थानीय निकाय र संघ संस्थागरी लाखौ रुपिया खर्च गरेको छन्। मानौ सिघिया खोला सफापनि हुन्छ। तर फोहर गर्नेलाई कारवाही नगरुण जेल खोलाको सर सफाई महाभियानले सार्थक रुप लिन सक्दैन। उक्त अभियानको लागि प्रदेश सरकारका समाजिक विकास मन्त्रीले खोला सरसफाई अभियानको गुरु योजना वनाई प्रदेश भरीका खोलाहरु सफाईगर्ने योजनामा रहेको वताउ पनि फोहर गर्नेलाई कारवाहीको करा गरेनन र फोहर गर्नेलाई कारवाही नगरे सम्म नत खोला सफा हुन्छ नत पिच गरेको सडक त्यसैले जसले फोहर गर्छ त्यो फोहर व्यवस्थापन गर्ने जिम्मेवारी पनि त्यसैको हुन्छ। यदि सफाई गरेन भने कारवाही हुन्छ पर्छ।

खोला जस्तो देशको बहुमूल्य गहनालाई फोहर गराउन राज्यको पनि हात छ । खोला छेउमा संचालनमा रहेको उद्योग धन्धाहरुलाई व्यवस्थीत गर्नु पछि खोलालाई फोहर हुने गरी कुनैपनि उद्योगलाई दर्ता दिनु हुँदैन तर नेपालमा ती कामहरु गर्न नेताजीहरु नै अगाडी हुन्छ। व्यत्तिगत लेनदेनमा देशको गहनालाई जे होस कुनै वास्ता नगरी खोला देउपमा उद्योग गर्न दिन्छौ। व्यक्तिगत र सरकारी कार्यालय समेतका ढलहरु खोला तिर सोझ्याउंछौ अनि महा अभियानको नामा राज्यको ढुकुटी सिध्याउंछौ अनि सेल्फी खिचेर दुनियांलाई देखिउंछौ हामी कति महान नेता यस्ता खोक्रोवादले देश कहिले पनि समृति तिर जादैंन। त्यसैले समृतको लाग योजना चाहिन्छ। योजना कार्यान्वन गर्ने मन चाहिन्छ जुन मन नेपाली नेता छैन।

प्रदेश नं १ मा रहेको खोला नालाहरुको सरसफाई महा अभियानलाई सार्थक वनाउनको लागि भोलिका दिनमा कसैले पनि खोला नालालाई फोहर नगरोस भन्ने उदेश्यले प्रदेश सरकारले खोला नाला, सडक लगायत सार्वजनि ठाउंमा फोहर गर्नेलाई पूर्ण प्रतिवन्ध र कडा कानुनको व्यवस्था गरी समाजिक कारवाहीका भागीदार वनाउंनु पर्छ। सरसफाई महाअभियानमा आम नेपाली जनतालाई लगाउन, उत्प्रेरण जगाउन, जनचेतना जगाउंन आवश्क छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला। शारीरिक आलस्यले जरो गाड्ने छ। परिवारिक चिन्ताले सताउने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : सहास र हिम्मतले धेरै काम बन्ने छ। आटेका काममा सफलता मिल्ने छ। सत्रुहरु परास्त हुने छन्। प्रशन्सा तथा मान सम्मानको योग रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आर्थिक मामिलाको काममा ठगिनुका साथै माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : शारिरीक तथा मानसिक ताप उत्पन्न होला। अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ। भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ। धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ।**

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : समयले विस्तारै कोल्टे फेर्न लागेको छ। रोकिएको काम क्रमश वन्दै जानेछन्। वादविवादमा आनसिक सफलता मिल्ने छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : स्वास्थ्यमा विशेष विचार पुऱ्याउनु होला। काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ। आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ। कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) : तपाईको स्वास्वास्थ्यमा सुधार हुदै जानेछ। अडिकिएका कामहरु क्रमश वन्दै जानेछ। प्रतिस्पर्धामा सफलताको योग छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ। सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ। सचेत रहनु होला।

# गैरसरकारी संस्थाका कोठे बैठक र बलात्कारको चित्कार

**गीता केसी दर्नाल**

कानुनी रूपमै बलात्कार एक निकृष्ट र जघन्य अपराध हो। समाजमा यस्ता घटना अहिले पनि दिनानुदिन बढिरहेकै छन्। आफ्नै बाबु, दाजुभाइ, काका, साथीभाइ, नजिकका आफन्त, छरछिमेकबाटै बालिकाहरु तथा महिलाहरु बलात्कृत भइरहेका छन्। यसले समाज दिनदिनै झन् असभ्य बन्दै गएको छ।

महिला हिंसाभित्रको सबैभन्दा कारुणिक अवस्था हो बालिका बलात्कार। यस्ता घटनाले समाजमा पुरुषलाई हेर्ने दृष्टिकोण फरक हुन पुगेको छ। आफ्नै बाबुबाट दाजुभाइबाट एउटी छोरी, एउटी बहिनी बलात्कृत हुन्छिन् भने बाहिरी समाजमा कहाँ, कसरी सुरक्षित हुन सक्लिन् ? छोरीचेलीहरु अझै पनि घर, अफिस, स्कुल, अस्पताल, बाटोघाटो आदि सबै ठाउँ र क्षेत्रबाटै असुरक्षित बनिरहेका छन्।

गत सोमबार सिन्धुपाल्चोकमा एक ६ वर्षीया बालिका बलात्कृत भइन्। उनलाई सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-५, सिङार्चेका १९ वर्षीया उज्ज्वल बस्नेतले बलात्कार गरेका थिए। बस्नेतले ती बालिकालाई ललाइफकाई आफ्नै घरमा लगेर जबरजस्ती बलात्कार गरेका थिए। बस्नेतलाई अहिले प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ।

बर्दियामा हाडनातामा बलात्कार गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै सहोदर बहिनीलाई बलात्कार गरेको आरोपमा प्रहरीले ती व्यक्तिलाई पक्राउ गरेको हो। कसैलाई भनिदिए मार्ने धम्की दिएर आफ्नै बहिनीलाई बलात्कार गरेका उनलाई हिरासतमा लिएर अनुसन्धान गरिरहेको छ।

यता काठमाडौं नागार्जुनमा एक ३६ वर्षीया महिला जबर्जस्ती करणीमा परेकी छिन्। काठमाडौं नागार्जुन नगरपालिका-३ बस्ने ३१ वर्षीय सोमराज नगरकोटीलाई प्रहरीले पक्राउ गरेको छ। नगरकोटीले ती महिलालाई जबरजस्ती पटक पटक करणी गरेकाले उनलाई महानगरीय प्रहरी वृत्त बालाजुबाट प्रहरीले पक्राउ गरेको हो। नगरकोटीलाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ।

मङ्सिर ९ गते मेडिसिटी हस्पिटलका डाक्टर रोहितप्रसाद झाले चेकजाँच गर्न आएकी एक बिरामीलाई बलात्कार प्रयास गरेका छन्। ३३ वर्षीय ती महिला होलबडी चेकअप गर्न सो हस्पिटल पुगेकी थिइन्। डाक्टर झाले नियमित जाँच गर्नेक्रममा ती महिलाको संवेदनशील अङ्गहरुमा छुँदै बलात्कार प्रयास गरेका थिए। त्यसपछि प्रहरीले डा. झालाई पक्राउ गरेको छ र अहिले जबर्जस्ती करणी उद्योगमा ललितपुर जिल्ला अदालतबाट चार दिनको अनुसन्धान म्याद लिएको छ।

त्यस्तै कात्तिक १२ गते एक १८ वर्षीय युवती बलात्कृत भइन्। काठमाडौँको माकलबारीमा आफन्तको घरमा लगेर उनलाई इन्द्रहाङ राईले बलात्कार गरेका थिए। राई अनेरास्ववियु केन्द्रीय सदस्य तथा आरआर क्याम्पसका स्ववियु सहसचिव पनि हुन्। उनले ती युवतीलाई भैली खेल्न जाने भन्दै बोलाएर बलात्कार गरेको अनुसन्धानबाट खुलेको छ। राई अहिले केन्द्रीय कारागार सुन्धारामा छन्।

बालिका तथा महिला जुन समाजमा बसोबास गर्छन, त्यही समाजका व्यक्तिहरुबाट उनीहरु बढी बलात्कार भएका छन्। अहिले पनि सबैभन्दा बढी ६४ प्रतिशत महिला छिमेकीबाट, १३ प्रतिशत साथीबाट, १० प्रतिशत आफूले आत्मीय ठानेका साथीबाट, ७ प्रतिशत परिवारका सदस्य (बाबु, दाजु-भाइ, काका) बाट, ३ प्रतिशत संस्थाका कर्मचारीहरुबाट, २ प्रतिशत शिक्षक र १ प्रतिशत कानुनी एवं सामाजिक परम्परा अनुसार विवाह नगरेका तर विवाहित सरह सँगै बसेका साथीबाट बलात्कृत भएको तथ्याङ्कले देखाएको छ।

यता कीर्तिपुर (ठाउँ परिवर्तन) की एक युवतीलाई बलात्कार प्रयास गरेको अभियोगमा सिनामङ्गलस्थित कन्सल्टेन्सी मिता इन्टरनेसनल प्रालिका सञ्चालक रोहितकुमार ढुङ्गाना पक्राउ परेका छन्। उनले जागिर लगाइदिने प्रलोभनमा बलात्कार प्रयास गरेको पीडितको भनाइ छ। अहिले ढुङ्गाना प्रहरी परिसर ललितपुरमा छन् र उनलाई अदालतबाट म्याद थप गरेर विस्तृत अनुसन्धान गर्ने प्रहरीले बताएको छ।

यी त केही प्रतिनिधी घटनाहरु मात्र हुन्। बलात्कार जस्तो जघन्य अपराधका घटना दिनानुदिन बढिरहेका छन्। एक दिनमा कम्तीमा ५ वटासम्म यस्ता घटना भइरहेको प्रहरीले बताउँदै आएको छ। तर प्रहरी प्रशासन नै बलात्कार जस्तो जघन्य अपराधमा संवेदनशील नहुँदा यस्ता घटनाका दोषी समाजमा सजिलै उम्केर घुमफिर गरिरहेका छन् भने पीडित झन् पीडित बन्दै जानुपर्ने अवस्था छ।

बालिका तथा महिला जुन समाजमा बसोबास गर्छन, त्यही समाजका व्यक्तिहरुबाट उनीहरु बढी बलात्कार भएका छन्। अहिले पनि सबैभन्दा बढी ६४ प्रतिशत महिला छिमेकीबाट, १३ प्रतिशत साथीबाट, १० प्रतिशत आफूले आत्मीय ठानेका साथीबाट, ७ प्रतिशत परिवारका सदस्य (बाबु, दाजुभाइ, काका)बाट, ३ प्रतिशत संस्थाका कर्मचारीहरु बाट, २ प्रतिशत शिक्षक र १ प्रतिशत कानुनी एवं सामाजिक परम्पराअनुसार विवाह नगरेका तर विवाहितसरह सँगै बसेका साथीबाट बलात्कृत भएको तथ्याङ्कले देखाएको छ। त्यस्तै बलात्कारको शिकार १६ वर्षमुनिका ४८ प्रतिशत बालिका बढी बलात्कार प्रभावित छन्। त्यस्तै १७ देखि २५ वर्ष उमेर समूहका ३४ प्रतिशत, २६ देखि ३५ वर्ष उमेर समूहका ९ प्रतिशत, ३६ देखि ४५ तथा ४६ वर्षभन्दा माथि उमेर समूहका ४-४ प्रतिशत महिलाहरु बलात्कारबाट प्रभावित भएको ओरेक नेपालको अन्वेषी वर्ष पुस्तक ०७६ मा उल्लेख गरिएको तथ्याङ्कले देखाएका छन्। यी तथ्याङ्कहरुले पनि के देखाउँछ भने धेरैजसो बलात्कारका घटनाहरु बालिकाहरुमाथि नै हुने गरेका छन, जुन स्कुल जाने उमेरका छन्।

एकातिर बलात्कारपछि कतिपय बालिकाहरुको निर्मम तरिकाले हत्या हुने गरेका घटना पनि बाहिर आएका छन्। त्यसको पछिल्लो उदाहरण निर्मला पन्त हत्या प्रकरणलाई लिन सकिन्छ। १२ वर्षीया निर्मला पन्तको आज बलात्कारपछि हत्या भएको पनि लगभग डेढ वर्ष पुग्न लागिसक्यो तर बलात्कार र हत्यामा संलग्न भएकालाई अहिलेसम्म प्रहरी प्रशासनले पक्रन सकेको छैन। यसबाट पनि पुष्टि हुन्छ पीडकहरुलाई जहिले पनि राजनीतिक संरक्षण रहिरन्छ साथै उनीहरु सामाजिक रूपमा पनि सहजै रहन, बस्न सक्छन् यो समाजमा। तर जो वास्तविक पीडितहरु हुन्छन् उनीहरु शारीरिक रूपमा विक्षिप्त त बन्छन्। घटनापश्चात मानसिक रूपमा पनि एकदमै विक्षिप्त हुन पुग्छन् साथै कुनै दोषबिनै उनीहरुले पारिवारिक र सामाजिक रूपमा समेत अनेक लाञ्छनाहरुको सामना गर्नुपर्ने हुन्छ। तर पीडितहरुको त्यसपछिको कष्टकर जीवनको बारेमा कसलाई चिन्ता ?

यस्तो निकृष्ट अपराध नियन्त्रणका लागि विभिन्न कानुन पनि निर्माण भएका छन् तर तिनीहरुको कार्यान्वयन पक्ष फितलो देखिएको छ। बलात्कारको सजाय पनि उमेरअनुसार फरक फरक छन्। १० वर्षभन्दा मुनिका बालिकालाई बलात्कार गरे १० देखि १५ वर्षसम्म कैद, १४ वर्षदेखि १६ वर्षसम्मका बालिका वा किशोरीलाई बलात्कार गरे ८ देखि १२ वर्षसम्म कैद, १६ देखि २० वर्षसम्मको युवतीलाई बलात्कार गरे ५ देखि ८ वर्षसम्म कैद र २० वर्षदेखि माथिका महिलाहरुलाई बलात्कार गरेमा ५ देखि ७ वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। त्यस्तै बलात्कारसम्बन्धी उजुरी गर्ने हदम्याद ३५ दिनबाट बढाएर ६ महिना र नयाँ अपराध संहितासँगै त्यसलाई बढाएर एक वर्ष पुर्याइएको छ।

घरेलु हिंसा तथा कसुर सजाय ऐन, कार्यस्थलमा हुने दुर्व्यवहार नियन्त्रण ऐन, वैवाहिक बलात्कारसम्बन्धी ऐनलगायतका कानुनी प्रावधानले महिलामाथि हुने हिंसालाई सम्बोधन गरिरहेका छन्। तर कानुनी व्यवस्था र यसको

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# जन्म दिनको हार्दिक शुभकामना





जन्म मिति :वि. स. २०६५ मंसिर २६ गते



**विराटनगर महानगर पालिका वडा नं. ८ प्रगती टोल निवासी श्याम सुन्दर सुतिहार र मंजु शर्माको छोरा श्रेय शर्माको यही मंसिर २६ गते जन्म दिन परेकोले सु–स्वस्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।**

| | **ठूलो बुवा/ठूलो आमा** | **पिसा/पिसी** |
|---|---|---|
| दादी : गंगा देवी सुतिहार | जयनारायण सुतिहार/राधा सुतिहार | बालेश्वर सुतिहार/लिलादेवी सुतिहार |
| नाना : विन्देश्वरी सुतिहार | शिवनारायण सुतिहार/ललिता सुतिहार | शिवलाल मिस्त्री/कलादेवी सुतिहार |
| नानी : प्रमिला सुतिहार | सुरेन्द्र सुतिहार/मंजु सुतिहार | रामलाल सुतिहार/निर्मला सुतिहार, |
| मामा : अशोक शर्मा | घनश्याम सुतिहार/प्रमिला सुतिहार | |
| मौसा : जयनाथ ठाकुर | अनन्त लाल सुतिहार/मंजु सुतिहार | |
| मौसी : रंञ्जु शर्मा | | |

दाजु/भाउजु : संजय सुतिहार/पिंकी शर्मा,

दाजहरु : अमित शर्मा, अनिल सुतिहार, अभिनाश सुतिहार, अरुण सुतिहार, पंकज सुतिहार, धर्मेन्द्र सुतिहार, सचिन सुतिहार, टेकनारायण सुतिहार, विपिन सुतिहार, रुपेश सुतिहार, संतोष सुतिहार, मनोज सुतिहार

भाई : उपेन सुतिहार, जयन्त ठाकुर, विजयन्त ठाकुर

दिदीहरु : सुनिता सुतिहार, सरिता सुतिहार, गिता सुतिहार, मुन्नी सुतिहार, मंजू सुतिहार, रञ्जु सुतिहार, निशा सुतिहार, सुजिता सुतिहार

एवम्

**क्राईम अपरेशन साप्ताहिक परिवार**

## मगही भाषा

## मगही भाषा के कविता

### मिथिलाके मछर परत भारी

आहक गार्ड हया बन्दुक धारी
ओही चल्ते छी अहौं गमानसे भारी ।
हिमत हैया त सिङगल आऊ,
नैत परत मिथिाक मछर भारी-२
अपन घर छोइरक आहा
ढोल पिटैछि दुनिया दारी,
चिन भारतके दाना खा
भगेल छि वड भारी,
हिमत हया त आइव देखु,
मिथिलाक मछर कतेक छै भारी-२
जनकपुर धामक बनिया देखु
मानत नै उधारी ।
अइय आइवक अपने देखु,
मिथिलाक मछर कतेक छै भारी-२
देशके अवस्था देखैछीत
मिथिलाके तरफ आइख उठब बलाके,
परैय हैइ अयक मछर भारी-२
मिथिलाक घटना देखक हम
लिखवै नयाँ-नयाँ कहानी,
हिमत हया त अधिकार दक देखु,
नैत मिथिलाके मछर परत भारी-२
रामबरणके कुर्सी छिन
राष्ट्रिपति बनल भण्डारी ।
हिमत छल त हेलिकप्टर छोईर,
जिप से अइवति, मिथलाक मछर परैत भारी-२
महिलाके अधिकार देवलेल
सभामुख बनल ओनसरी ।
मधेशी नामसे हेपबलाके
मिथिलाके मछर परत भारी-२

**फुलगेन महतो**



## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**





## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर–९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

# आध्यात्मिक ज्ञान

गतांकका वांकी

ग्यानको सहि प्रयोजनबाट नै उपलब्धिका अनेकौ खुट्किला उक्लन सकिन्छ । नकारात्मक अतिरञ्जित कल्पना तथा अनुभूतिलाई मिल्काएर आफूलाई सकारात्मक बनाइ चुनौतीहरुसंग आइलाग्ने एवम् अप्ठ्याराहरुसंग हार नमान्ने संस्कार बसाल्न सकेमा कुनै पनि समस्याहरु आफू भन्दा अग्ला लाग्दैनन् र हुदैनन् पनि । यस्तै संस्कार भएकाले हिम्मतका साथ आफ्नो काम आफै गर्छन्, उसका लागि तमाम प्रगतिका ढोकाहरु आफै खुल्छन् र राम्रा एवम् उन्नत अवधारणाहरू उसका मनमस्तिष्कमा स्वत : मौलाएर आउँछन् । अधर्मले ग्यान, शक्ति र मति नष्ट भ्रष्ट हुन्छ । नकारात्मक स्वभावले सकारात्मक सोच तथा बिचारलाई हुर्कन दिदैन । नकारात्मकताले हाम्रो अगाडि बिभिन्न खाले ब्यबधानहरू तेर्स्याउने काम गर्छ । हरेक वस्तु तथा अवस्थालाई सकारात्मक कोणबाट हेर्न तथा सोच्न थाल्नासाथ त्यस्ता बाधाब्यबधानहरू भाग्दै गएको महसुस हुन थाल्छ । सधै सकारात्मक रहनु तथा बनिरहनु, आफूमा भएको बिचार, बुद्धि र विवेकलाई उन्नत गराउदै सकारात्मक सोंचकासाथ आफ्नो कार्यमा अघि बढ्नु नै उत्तरोत्तर प्रगतीको बाटोमा लम्कनु हो । आफूलाई सकारात्मक एवम् बौद्धिक सोच मार्फत परिष्कृत गर्दै जानु, ईश्वरीय शक्तिप्रति अगाध आस्था, विश्वास र श्रद्धा भावले अविचलित बनिराख्नु र संसारीक जीवनका मूल्य मान्यता तथा ब्यबहारलाई ईश्वरीय प्रसादका रुपमा ग्रहण गर्दै ईश्वरप्रति समर्पित बन्ने प्रयासमा लाग्नु नै यो मानवीय जीवनलाई उपलब्धिमूलक बनाउनु हो ।

ईश्वरबाट असिमित क्षमताहरुको बरदान पाएर यस संसारिक यात्रामा उत्रिएको मानिसले आफ्नो कोसिस जारी राखेमा ऊ कहि पनि पुग्न र सफल बन्न अबस्य सक्छ । सिक्न चाहनेहरुका लागि उसको उमेर बाधक हुदैन र सिक्नका लागि ढिलो पनि कहिल्यै हुँदैन । “छिन् गरे ग्यान, कण गरे धन “ भन्ने कहावत छ । समय र सम्पत्तिको उचित सम्मान र सदुपयोग गर्दै कोसिस जारी राखेमा हरेक काममा सफल हुन सकिन्छ ।

सबैले आफ्नो कर्मको भोग गर्नु पर्ने हुन्छ । अर्काले सुखी वा दुखी गराउला भन्ने भ्रम मात्रै हो । इच्छा होस वा नहोस् कर्मको फल भोग्नु नै पर्छ कसैले कुनै पनि हालतमा टार्न सक्दैन । परोपकारबाट नै मानिसको कर्म सुध्रिन्छ र यसैलाई सत्कर्म भनिन्छ । पूर्वकर्मको फल नै हालको भोगाई हो । अरूलाई दु:ख दिई आर्जन गरेको धन स्वप्न जस्तै हो जसलाई वास्तवमा उसले भोग गर्न पाउादैन । बोली सधै साचो, प्रिय र हितकारी होस, कर्म सधै असल होस्, खानू खुवाउनु जस्ले स्वास्थ्यको लागि हानिकारक नहोस, जे जति उपलब्ध हुन्छ बाडेर खानु खवाउनु यसै गरी यस लोकको यात्रा गर्दा पून्य आर्जन आफसेआफ हुन्छ । यस लोकको यात्रा सम्पन्न भए पश्चात आफू संग जाने त केवल पून्य वा पाप मात्रै हो । संसारीक बिषय वस्तुहरुमा वैराग्य अर्थात् अनाशक्त भै ईश्वरीय चिन्तन गर्नु नै इहलौकिक दुखबाट छुट्कारा लिनु हो ।

“हरेक दिन जीवनको अन्तिम दिन हो” भन्ने ब्रह्मग्यानलाई हृदयङ्गम गरी हरेक दिन यथासक्य राम्रो काम गर्नु र गर्दै जानु पर्छ । जीवन यात्रामा अघि बढ्ने क्रममा बिभिन्न प्रकारका बिघ्नबाधाहरू हाम्रो अगाडि आइनैरहन्छन् । तिबाट पार हुन अर्थात् तिनलाई छिचोल्नको निमित्त नया तरिका अपनाउन जरुरी हुन्छ । मानिस मात्र हैन संसारका सबै प्राणीले जीवन जिउने क्रममा बारम्बार बिभिन्न समस्याहरुसंग जुध्नुपर्ने अर्थात् अनेकौ कठिनाईहरूको सामाना गर्नुपर्ने हुन्छ । प्रत्येक प्राणीलाई आत्मरक्षाको निम्ति कुनै न कुनै हतियार उपलब्ध छन् । ईश्वरको असिम कृपा प्राप्त मानिसलाई दिइएको सर्बोत्कृष्ट हतियार “सोच” हो । मानिसको शारीरिक शक्ति सिमित हुदाहुदै पनि उसका सोचको उचित उपयोगले ब्यापक कार्यछेत्रमा अघि बढ्नका लागि असंख्य सम्भावनाहरु खुल्छन् । यो सोचरूपी बलबान हतियार केवल मानिससाग मात्र छ । यही सोच्ने शक्तिले बिबिध कार्यछेत्रको सिर्जना गर्दछ । यहि सोच मार्फत अघि बढ्नाले विशाल सम्भावनाका ढोका खुल्छन् र यही सोचले नै एकदिन सफलताको शिखर चुम्न सफल बनाउछ ।

अधिकांश मानिसहरुलाई आफैले अफ्नै मनमस्तिष्कले जन्माएका बिघ्नबाधाहरूसंग लड्दै जीवन ब्यतित भएको थाहै हुन्न । सानो नै किन नहोस, आफूमा भएको सीप तथा ग्यानको लगानी गरेर आफ्नो देश र समाजलाई सेवा पुऱ्याउनु, प्रेरणाको श्रोत बन्नु, आम मानिसको मार्ग दर्शक बन्नु अर्थात् समान समस्या भोगिरहेका मानिस बिच पुगी समाधानका उपाय सिकाउनु र समाधान गराउन प्रयत्नशील हुनु मै आफ्नो जीवनको सार्थकता रहेको ठान्दछु । खुशी यो एउटा यस्तो चिज हो जसलाई यसको चाहना राख्ने प्रत्येक ब्यक्तिले आफ्नै हातबाट पक्रन जरूरी छ अर्थात् अन्य ब्यक्तिमा निर्भर नभई आफूभित्र अन्तनिहित गुणलाई मानवोचित स्तरमा उकास्न अत्यावश्यक हुन्छ । जागरुक एवम् चेतनशील बनि कमसल र खराबीबाट पनि असल वस्तु खोज्ने ग्यान राख्न सकेको खण्डमा हामीले समृद्धिको मार्ग खोल्न सक्छौ । यथासक्य परिश्रम, अनुशासन, उदेश्य प्राप्तिका लागि अथक प्रयास र साथसाथै ग्यान तथा जिज्ञासाको निरन्तर बढोत्तरी जस्ता वस्तु प्रत्येक आत्मनिर्भर ब्यक्तिका निम्ति आबश्यक कुरा हुन् । असल ब्यक्तिको परिचय गलत सन्देशहरु प्रवाह नगर्नु, त्यस्ता सन्देश प्रवाहलाई रोक्नु र गलत तत्वबाट जोगाउन सधै प्रयत्नशील बन्नु यही त होला असल ब्यक्तिको परिचय । आफ्नो उद्देश्य पूरा गर्ने तथा सफलता हासिल गर्ने क्रममा निरन्तर प्रयास गरिरहदा हरेक ब्यक्तिले अरुको खुशी तथा सुख शान्तीको पनि उत्तिकै हेक्का राखेको हुनुपर्छ । आफूले चाहेका सम्पूर्ण वस्तुहरू प्राप्त होस् भनी अति महत्त्वाकांक्षी इच्छा राख्नुको सट्टा ब्यक्तिले यो दुर्लभ मानव चोला पाएर जीवन जिउने क्रममा ससाना कार्यहरु गरेरै भए पनि अरूसाग खुशी बाडेर बाच्ने इच्छा राख्नु पर्छ ।

सत्य सत्य नै हो भने तथ्य तथ्य नै हो । सत्य सधै सत्य नै रहन्छ । झुटो टिक्दैन सत्य डग्दैन । असत्य अर्थात् बिभिन्न खाले आलोचना, आक्रमण र अपराध जस्ता झुटोपन तथा गल्तीको परिणाम अन्तत पतनतिरै सोझिएर जान्छ । यसले छ्यय गराउदै बिनाससम्म नै पुर्याउछ । जबकि सत्य सधै कुनै पनि आलोचना र तिखो टिका टिप्पणीलाई झेल्दै त्यसकै सामुन्नेबाट डटेरै अघि बढिरहन्छ । सत्यको अबलम्बन तथा सदाचारले जीवनमा अघि बढ्न मार्ग प्रशस्त गरिदिन्छ र उच्चतम प्रगति हासिल गर्न त्यो सशक्त एवम् प्रेरक शक्ति बन्न पुग्छ । काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य यि छ वटा मानिसका शत्रु हुन् । यिनको फन्दामा परेको ब्यक्ति कहिल्यै पनि उकालो लाग्न सक्दैन । जो अरूलाई सताउछ, त्यो आफ्नो क्रुर कर्मका फलले स्वयं सताइन्छ । अपवित्र अवस्थामा चित्त शुद्ध हुदैन, चित्त शुद्ध नभै ध्यान स्थिर रहन्न । विना ध्यानको श्रद्धा हुन्न । विना श्रद्धाको पूण्य प्राप्त हुदैन, बरू समय र सामग्रीको बर्बादीरूप पाप मात्र मिल्छ । तसर्थ तन तथा मन दुबै पवित्र बनाउनु नै आत्म कल्याण तथा परमार्थको बाटोमा अघि बढ्नु हो । अर्काको डाह गर्ने मान्छे डाहले आफै जल्छ र केही गर्न नसकेर दरिद्री हुन्छ । दरिद्री भएकोमा दु:खी हुन्छ । यही त हो नारकीय यातना । सयौं रोगको एउटै उपचार प्रसन्नता हो । जो कोही पनि सम्पन्न छ तर प्रसन्न छैन भने त्यसका सम्पूर्ण चीज ब्यर्थ छन् ।

मानव जीवन अमूल्य छ । यस जिवनलाई रावणले जसरी भोग विलासमा नबिताइ राजा जनकले जस्तै परोपकारमा बिताउनु पर्छ । सबै धर्मका मानिसहरुको शारीरिक रचनामा फरक छैन । तत्व ग्यानको अभाव ले हामी बिभिन्न धर्ममा बिभाजित भएका हौ । मानव जन्ममा गरिएको साधना तथा भक्ति अनुसार जिव माथिका देवलोकहरूमा जान्छ र आफ्नो पूण्य समाप्त भए पछि पुन : यस संसारमा संस्कारवश जन्म लिन्छ । अहिले मानिसलाई जे जति कुरा प्राप्त भएका छन् ति पूर्व जन्म जन्मान्तरमा गरिएका पुण्य तथा पापको फल हो । आध्यामिक ग्यान बिना मानव जीवन अधूरो हुन्छ । धन सम्पत्ति जतिसुकै होस तापनि उसले आफ्नो जीवनमा कुनै न कुनै कुराको कमी महसुस गरिरहेको हुन्छ । यसको पूर्तिका लागि उसले अनेकौं उपायहरु अवलम्बन गर्छ । तिनबाट उसले केही समय त आनन्द प्राप्त गर्ला तर उसको पुरै जीवन आनन्दित हुन सक्दैन । ईश्वरीय चिन्तन बिना संसारीक भौतिक सुविधाले त मानिसमा झन मानसिक पिडा थुपार्दछ। वास्तवमा त्यो कमी भनेकै ईश्वरीय चिन्तन अर्थात् परमात्माको भक्ति हो र यो नै आत्मकल्याणको लागि निर्बिकल्प उपाय हो ।

जीवात्माको कल्याणको लागि गरिने परमार्थ कर्म नै सर्वोत्तम सेवा हो । जीवात्माको कल्याणको निमित्त कुनैपनि काम नगरी अधिकांश मानिसहरु मरुभूमिको मृग जसरी दौड्दा दौड्दै मृत्यूको शिकार हुन्छन्। गीता एवम् वेदहरूको ग्यान कुनै धर्म बिशेषका लागि नभै केवल मानव मात्रको लागि हो । आफ्नो मनलाई एकाग्र बनाइराख्नु, कर्तव्यनिष्ठ भै आफ्नो राष्ट्र, समाज र परम्पराप्रति सद्भाव राख्नु तथा सत्कर्मप्रति बफादार रहनु नै हाम्रो वैदिक दर्शनको मुख्य आशय हो । सकारात्मक धारणा राख्दै सरल जीवन शैली अपनाई बााच्नु नै जीवनलाई निस्चिन्तता तर्फ डोर्याउनु हो । घरको कसिङ्गर एवं माकुराको जालो बढारेर फ्याके जस्तै गरी आफ्नो मन मस्तिष्कमा उब्जेका नकारात्मक सोचहरुलाई निमिट्यान्न पारि सदा खोलाको पानी जस्तै निर्मल र पारदर्शी भै बाच्नु नै सुखी, शान्त र पवित्र जीवन जिउनु हो। सत्य कुरा यो हो कि हामी सबै ईश्वरका सन्तान हौ । ईश्वरले सधै हामीलाई मद्दत गरिरहेका हुन्छन् । तर यदि हामीले निराशा र दुखकै छनोट गर्दछौ भने स्वयम् ईश्वरले पनि हामीलाई मद्दत गर्न सक्दैनन् । किनभने यो हाम्रो आफ्नै निजी कित्तामा पर्दछ । तसर्थ हामी सबैले आफ्नो खुसीको बाटो आफै छनोट गर्नु पर्दछ । फेरि पनि ध्यान दिनु पर्ने कुरा के हो भने ईश्वरले हामीलाई समाधान गर्नै नसक्ने समस्याहरु दिदैनन् । हामी माथि जतिपनि समस्याहरु थुप्रिएका छन् र तिनको समाधान गर्न हामीले आफूलाई असमर्थ ठान्ने जुन भ्रम पालेका छौ । तर ईश्वरका नजरमा भने ति समस्याहरु समाधान गर्न सक्ने उपयुक्त पात्र हामी नै हुन्छौ ।

# १३ लाखको सुपारी बरामद

झापा । नेपालवाट भारत निकासी हुने सुपारीको व्यापारमा केही कमी आएको थियो तर पछिल्लो सुपारी बरामदको घटनाले फेरी नेपालवाट गैर कानुनी रुपमा भारत भित्रि रहेको पुष्टी भएको छ ।

जिल्ला प्रहारी कार्यालय झापा र इलाका प्रहारी कार्यालय काकडभिट्टा प्रहारीले विशेष सुचनाको आधारमा नेपालवाट भारततर्फ लैजान तयारी गरको अवस्थामा ४ हजार ६ सय २० केजी सुपारी बरामद गरेपछि पुन सुपारीको व्यापार मौलाएको प्रहारीको अनुमान छ ।

सो सुपारी झापाको मेचीनगर नगरपालिका वडा नं. ६ तुर्केनीबाट ठुलो परिमाणको सुपारी बरामद भएको छ । सो सुपारीको नगद मुल्य करीव १३ लाख ८६ हजार बरावरको सुपारी प्रहरीले वरामद गरेको थियो ।

बरामद भएको सुपारी आवश्यक कारवाहीको लागी मेची भन्सार कार्यालयमा बुझाएको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ ।

# अरुण नदीमा एक जना वेपत्ता

संखुवासभा । तुईनद्धारा अरुण नदी तर्ने क्रममा तुईन चुडिएर नदीमा खस्दा १ जना बेपत्ता भएका छन् ।

आईतवार दिउासो २ बजे छुम्सुर बाट रिदाक तर्फ हिडेका भोटखोला गाउँपालिका वडा २ का ३० वर्षिय ओड्दी भोटे तुईनबाट नदी तर्ने क्रममा अचानक तुइनको नट खुस्कीएर अरुण नदिमा खस्दा बेपत्ता भएका थिए ।

नदीमा खसेर बेपत्ता भएका भोटेको प्रहरी चौकी चेपुवाबाट खटिएको प्रहरीको टोली र स्थानीयवासी समेतको संयुक्त टोलीले खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

# टिपरको ठक्करवाट बालिकाको मृत्यु

विराटनगर । मोरङको उर्लाबारी नगरपालिका वडा नं. ५ झुम्राहा स्थीत भित्री सडक खण्डमा टिफरको ठक्करबाट ४ बर्षिया बालिकाको मृत्यु भएको छ ।

मंसिर १६ गते उत्तरबाट दक्षिण तर्फ आउदै गरेको ना ८ ख ७०५३ नंबरको टिफरले पैदल यात्री स्थानीय जोगिन्दर मण्डलको छोरी वर्ष ४ की राधिका कुमारी मण्डललाई ठक्कर दिदा उनको घटनास्थलमै मृत्यु भएको थियो ।

घटनाबारेमा जानकारी पाउनासाथ घटनास्थल तर्फ खटिएको ईलाका प्रहरी कार्यालय उर्लाबारीको प्रहरी टोलीले कानूनी प्रकृया पुरा गर्नुका साथै टिपर र टिपर चालक मोरङको रतुवामाई नगरपालिका वडा नं. ५ को आशिष कठेतलाई नियन्त्रणमा लिई आवश्यक कानुनी कारवाही अगाडी बढाएको प्रहरीले जनाएका थिए ।

# आगलागी वाट एकको मृत्यु

पाँचथर । पाँचथरको फालेलुङ गाउँपालिका वडा नं. ४ मेमेङका ७० बर्षीय टंकरानी थाम्सुहाङको आगलागीबाट मृत्यु भएको छ ।

सोमवार राती साँढे ११ बजे निजको घरमा खाना पकाउने चुलोबाट अचानक आगलागी भई बाँसको टाटी बेरा भएको १ तले कच्ची घरमा आगलागी हुँदा घर भित्र सुतिरहेकी बृद्धाको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पााचथरले जनाएको छ ।

उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रहरी टोली खटि गई कानूनी प्रकृया पूरा गरी शव परिक्षणको लागी जिल्ला अस्पताल फिदिम पठाई थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

# भिरवाट लडेर मृत्यु

धनकुटा । धनकुटाको महालक्ष्मी नगरपालिका वडा नं. ६ मुंगालीगाउँ बस्ने ५२ बर्षीय लाल बहादुर कार्कीको भिरबाट लडेर मृत्यु भएको छ ।

आईतवार राती साँढे ७ बजे घरबाट निस्किएका कार्की सोमवार दिउँसो सम्म घर फर्किएर नआएपछी आफन्तहरुले खोजतलास गर्ने क्रममा सोमवार दिउँसो १ बजे छुम्लिङ भिर मुनी मृत अवस्थामा पेला परेका थिए ।

उक्त घटनाबारे जानकारी पाए लगत्तै घटनास्थलमा खटिएको प्रहरी चौकी लेगुवा र जिल्ला प्रहरी कार्यालय धनकुटाको प्रहरी टोलीले घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# अदालतवाट कैद र जरीवाना भएका फरार प्रतिवादी पक्राउ

विराटनगर। जिल्ला प्रहरी कार्यालय मोरंगले संचालन गरेको "फैसला कार्यान्वयन फरार प्रतिवादी पक्राउ अभियान" अन्तर्गत डाका मुद्दामा फरार रहेका एक प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. १० को शिवराज चौधरीलाई सम्मानित मोरङ जिल्ला अदालतले २०७६ जेष्ठ १३ गते गरेको फैसला अनुसार ३० हजार जरिवाना र २ बर्ष ११ महिना ३ दिन कैद सजाय भइ हालसम्म फरार रहेको थियो।



फरार प्रतिवादी शिवराज चौधरी

प्रतिवादी शिवराज चौधरीलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मंसिर १५ गते विराटनगर महानगर पालिका वडा नं. १० शान्तिचोकबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाईएको छ।

फरार प्रतिवादीले २०७५ कार्तिक १४ गते जिल्ला मोरङ बिराटनगर महानगर पालिका वडा नं. ४ नोबेल अस्पताल तर्फ जाने बाटोमा जिल्ला मोरङ कटहरी गाउं पालिका वडा नं. २ को निरज भन्ने दर्पन श्रेष्ठ नोबेल अस्पताल तर्फ साईकलमा गईरहेको अवस्थामा प्रतिवादीले सामसुङ जे सेभेन मोबाईल खोसि भागि गएकोमा २०७५ मंसिर १ गते मोबाईल सहित चोरी गर्ने कसुरदारहरु शिवराम चौधरीलाई फेला पारी कानुन बमोजिम अनुसन्धान गरीएकोमा सम्मानित मोरङ जिल्ला अदालतले १० हजार जरीवाना र १ बर्ष कैद सजाय हुने फैसला गरेका थिए।

त्यस्तै चौधरीले जिल्ला मोरङ बिराटनगर महानगर पालिका वार्ड नं. ८ स्थित आर के चिल्ड्रेन अस्पतालमा अगाडी जिल्ला मोरङ बिराटनगर बिराटनगर महानगर पालिका वडा नं. ८ बस्ने बर्ष २५ कि एक महिलालाई पैदल हिड्दै गईरहेको अवस्थामा पछाडी बाट लेडिज ब्याग खोसि भागि गएको र सो ब्याग भित्र नगद १८ हजार ४ सय र सेमसुङ के टु मोबाईल र गोल्डेन रङको घडी समेत चोरी भागेकामा खोजतलास गरी चोरीको मोबाईल सहित फेला पारी कानुन बमोजिम अनुसन्धान गरीएकोमा सम्मानित मोरङ जिल्ला अदालतले १५ हजार जरीवाना र १ बर्ष ६ महिना कैद सजाय फेसला सुनाएका थिए।

सोही प्रतिवादीले जिल्ला मोरङ बिराटनगर बिराटनगर महानगर पालिर्का नं. ७ नेपाल टेलिकम नजिक जिल्ला मोरङ बिराटनगर बिराटनगर महानगर पालिका नं. ७ बस्ने बर्ष ३७ कि चन्द्रकला बस्नेत पैदल हिड्दै गईरहेको अवस्थामा पछाडी बाट प्रतिवादी समेतले एक्कासी लेडिज ब्याग खोसि भागि गएको र सो ब्याग भित्र नगद छ हजार (महालक्ष्मि बिकास बैंकको एटीम कार्ड, नागरीकता, सेतो रङको मोबाईल, चाँदीको सिक्का र चश्मा समेत चोरी लगेकोमा पक्राउ गरी कानुन बमोजिम अनुसन्धान गरीएको र उक्त मुद्दामा सम्मानित मोरङ जिल्ला अदालतल ५ हजार जरीवाना र ६ महिना कैद सजाय गरेको थियो।

प्रतिवादी शिवजराज चौधरीलाई मंसिर १५ गते जिल्ला प्रहरी कार्यालय मोरङले आवश्यक कारवाहीको लागि सम्मानित मोरङ जिल्ला अदालतमा पेश गरी कैद भुक्तानीको लागि जिल्ला कारागार मोरङमा पठाईएको राखिएका छ।

# लैगिंक हिन्सा सम्वन्धी कार्यशाला गोष्ठी सम्पन्न

विराटनगर। जिल्ला प्रहरी कार्यालय मोरङको आयोजनामा लैंगिक हिंसा विरूद्द १६ दिने अन्तराष्ट्रिय अभियान अन्तर्गत मंसिर २० गते शुक्रवार अन्तरकृयात्मक कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि बिरटनगर महानगरपालिकाका उपमेयर ईन्दिरा कार्कीले हिंसा गर्ने छुट कसैलाई पनि नभएको, सामाजिक परिवेशको कारण हिंसाका पीडाहरू डरले भित्रै लुकाईराख्ने प्रचलन विस्तारै अन्त्य हुँदै गएको तथ्य प्रहरी कार्यालय लगायत सम्वन्धित निकायमा घटनाको उजुरी संख्या क्रमश बढ्दै जानुले पनि देखिन्छ। लैंगिक हिंसाको न्यूनिकरण तथा नियन्त्रणको लागि महानगरपालिका सदैव क्रियासिल रहने बताउनुभयो।

सोही अवसरमा प्रहरी उपरीक्षक विश्व अधिकारीले मोरङ जिल्लामा विद्यमान लैंगिक हिंसाको अवस्थाको विश्लेषण सहितको प्रस्तुतिकरण गर्नुभएको थियो भने सरोकारवाला पदाधिकारीहरूले लैंगिक हिंसा विरूद्दको कार्यक्रममा स्थानीय तह, प्रहरी, सामाजिक संघ(संस्थाहरूले एकिकृत रूपमा गर्नुपर्ने विविध कार्यक्रमहरू सुझावको रूपमा दिनुभएको थियो।

विशिष्ट अतिथि जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले अहिले पनि महिला माथि हुने हिंसा बिद्यमान रहेको र यसको प्रभावकारी न्युनिकरणको लागि प्रहरी, स्थानीय निकाय, संघसंस्थाहरूको सक्रियता आवश्यक रहेको वताउनुभयो।

त्यसै कार्यक्रमलाई सम्बोधन गर्दै बुढिगंगा गाँउपालिकाका उप(प्रमुख अमृता कुमारी गच्छदारले लैंगिक हिंसा न्यूनिकरणको लागि आवश्यक कार्यक्रमहरू निरन्तर सम्पन्न गर्ने बताउनुभएको थियो।

उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मोरङका प्र.जि.अ मदन भुजेल, जिप्रका मोरङका प्रहरी उपरीक्षक विश्व अधिकारी, बुढीगंगा गाँउपालिकाका उपप्रमुख अमृता कुमारी गच्छदार, स्थानीय निकायका पदाधिकारीहरू, नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष बन्धु पोखरेल लगायत सिविन नेपाल, ओरेक नेपाल, साना हातहरू, एविसि नेपाल, विभिन्न सरोकारवाला संघसंस्थाका पदाधिकारीको उपस्थिति रहेको थियो।

कार्यक्रममा उपस्थितिको लागि सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिँदै प्रहरी उपरीक्षक विश्व अधिकारीले अन्तरक्रियात्मक छलफलमा विषयवस्तुमाथि उठेका बुदाहरूलाई समेटेर जिल्लाको लैंगिक हिंसा न्यूनिकरणको लागि कार्ययोजना तर्जुमा गर्ने र सो को कार्यान्वयनको लागि स्थानीय तह, सरोकारवाला निकायहरूलाई राय सहितको समन्वय गरिने वताउनुभएको थियो।

## गैरसरकारी...

कार्यान्वयनले मात्र बलात्कारबाट पीडितमाथि न्याय गर्न सकेको छैन। कार्यान्वयन पक्ष फितलो भएकै कारण यस्ता अपराधमा संलग्न अपराधीहरु केही वर्षपछि सजिलै जेलबाट छुटी समाजमा खुल्ला हिँड्ने परिपाटीले कानुनमाथि आम जनताको भरोसा कम भएर गएको छ, कानुनकै उपहास भएको छ।

घटनाको तथ्यगत विश्लेषण गर्दा बालिका तथा किशोरीहरु बढी मात्रामा पीडित बनेका छन्। उनीहरुको पुनर्स्थापना अहिले ठुलो चुनौती बनेको छ। एउटी पीडितलाई शारीरिक रूपमा जति आघात पुगेको हुन्छ, त्यो भन्दा बढी घाउ उसलाई मानसिक रूपमा लागेको हुन्छ। जसलाई मनोसामाजिक परामर्शका माध्यमबाट पहिलाको अवस्थामा फर्काउन सकिन्छ। दीर्घकालीन आवास गृह व्यवस्था र पीडितका आवश्यकतालाई प्राथमिकतामा राखेर शिक्षा, सीप तथा रोजगारीका अवसर सिर्जना गर्नु राज्यको दायित्व हो।

महिलाहरुको लामो सङ्घर्षपश्चात द्रुत न्याय प्रणाली (फास्ट ट्र्याक) लाई आत्मसात गरिए पनि यसको कार्यान्वयन प्रक्रिया प्रभावकारी भएको छैन, अझै न्याय प्राप्त गर्न सहज छैन। अझै पनि बलात्कृत बालिका तथा महिलाहरूप्रति रहेको विभेदकारी दृष्टिकोणका कारण उनीहरुले परिवार र समाजमा बसेर आफ्नो न्यायको लडाइँ लड्ने वातावरण बनेको छैन।

राष्ट्रिय मानव अधिकार आयोगकी प्रवक्ता मोहना अन्सारी भन्नुहुन्छ, "जो बलात्कार पीडित छ उसैलाई दोषारोपण गरेर बहस सुरु हुन्छ। उसको चरित्र, व्यक्तित्व र उठबस कोसँग थियो भन्ने जस्ता कुराहरु उठ्न थाल्छन्। त्यस्तो कदापि हुनुहुँदैन, बलात्कार विशुद्ध अपराध हो।" त्यस्तै बलात्कारका घटनालाई विशेष प्राथमिकतामा राखेर हेरिनुपर्नेमा त्यसो नगरिँदा पीडितहरुले प्रहरी कार्यालय तथा अदालतमा बारम्बार झेल्ने तनाव र दुर्व्यवहारले उल्टै पीडकलाई प्रोत्साहन गरिरहेको अधिकारकर्मीहरुको पनि तर्क छ।

यतिबेला महिला हिंसाविरुद्धको १६ दिने अभियान तामझामका साथ चलिरहेकै छ। विभिन्न गैरसरकारी संस्थालगायत सरकारी नियकायबाट पनि विभिन्न कार्यक्रमहरु, बहसहरु भइ नै रहेका छन् तर पनि यही समयमा बलात्कारका घटनाहरु पनि बाहिर आएकै छन्। बलात्कारका घटनाहरु यस वर्ष पनि धेरै बढिरहेको भन्दै सरकारले आफ्नो तर्फबाट यस वर्षको नारा "समानताको पुस्ता, बलात्कार विरुद्धको ऐक्यबद्धता" भन्ने ल्यायो। सरकारले उही अभियान सञ्चालन हुँदा मात्र आफ्नो प्रतिबद्धता जनाउने, कार्यक्रमहरु पनि सञ्चालन गर्ने तर यसलाई रोक्न र कार्यान्वयन पक्ष एकदम फितलो गर्दै आएको छ। अरू समयमा त्यति प्रभावकारी नभएर विशेष नीति बनाएर अभियानहरुलाई देशव्यापी रूपमा सञ्चालन नगर्ने अनि १६ दिने अभियानको मिति आउँदा मात्र काम गरेको जस्तो देखाउनुको कुनै अर्थ छैन। अहिले पनि बलात्कारको घटनाको तथ्याङ्क हेर्ने हो भने प्रत्येक वर्ष १००० भन्दा बढी महिलाहरु बलात्कारको शिकार भएका छन् भने बलात्कारका घटनाहरु पनि हरेक वर्ष १६ प्रतिशतका दरले बढिरहेकै पाइन्छ। यसरी बलात्कारको प्रवृत्ति हेर्दा उत्पीडन र बर्बरता नै बढी देखिन्छ। अझ पछिल्ला घटनामा त अबोध बालिकाहरु बलात्कृत भएका छन् भने बलात्कारपछि हत्याको प्रवृत्ति पनि बढ्दो छ। तर सरकारको उही झारा टार्ने प्रवृत्तिका कार्यक्रमहरुले यस्ता घटनामा कमी आउन सकिरहेको छैन, दिनानुदिन बढिरहेकै छन्। त्यस्तै गैरसरकारी संस्था र मानव अधिकारकर्मी, महिला अधिकारकर्मीले पनि यस अभियानलाई मात्र आफ्नो पर्वका रूपमा लिएर होटलहरुमा केही सेमिनार, गोष्ठीहरु मात्र गरिएको देखियो। यही दिनहरुमा मात्र अभियान चलाएर महिला हिंसा र बलात्कार जस्तो जघन्य अपराधमा कमी आउँदैन। यस्ता कार्यक्रमहरु धेरैभन्दा धेरै जनस्तरमा गएर, गाउँ गाउँमा गएर गर्नुपर्छ। यसका लागि सबै तह र तप्काबाट एकजुट भएर लाग्नुपर्छ। होइन भने सरकारले पनि उही झारो टार्नकै लागि मात्र ऐक्यबद्धता जनाइरहने र गैरसरकारी संस्थाहरुले पनि उही कोठे बहस र केही सडक र्यालीहरु गर्दैमा महिला माथिको हिंसा र विशेषत: बालिकाहरुमाथि हुने गरेको बलात्कारका घटनामा कमी आउनेवाला छैन।

यसरी बलात्कारको घटनाको तथ्यगत विश्लेषण गर्दा बालिका तथा किशोरीहरु बढी मात्रामा पीडित बनेका छन्। उनीहरुको पुनर्स्थापना अहिले ठुलो चुनौती बनेको छ। एउटी पीडितलाई शारीरिक रूपमा जति आघात पुगेको हुन्छ, त्यो भन्दा बढी घाउ उसलाई मानसिक रूपमा लागेको हुन्छ। जसलाई मनोसामाजिक परामर्शका माध्यमबाट पहिलाको अवस्थामा फर्काउन सकिन्छ। दीर्घकालीन आवास गृह व्यवस्था र पीडितका आवश्यकतालाई प्राथमिकतामा राखेर शिक्षा, सीप तथा रोजगारीका अवसर सिर्जना गर्नु राज्यको दायित्व हो। रातोपाटी अनलाईन


## सूचना सूचना सूचना

४

**नेपालको संविधानले नागरिकलाई अधिकारको व्यवस्था गर्नुका साथै कर्तव्यको पनि व्यवस्था गरेको छ। यसर्थ प्रत्येक नागरिकले आफ्नो सार्वजनिक सरोकारको विषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हो।**

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधी मन्त्रालय
सूचना वितथा प्रसारण विभाग




दुग्ध विकास संस्थान विराटनगर

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो। जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले।
- विवाह दर्ता, पति-पत्नी दुवैले।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले।

जहदा गाउँ पालिकाको कार्यालय मोरंग